कर्णाली प्रदेश सरकार

भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

## पशुपन्छी विकास निर्देशनालय सुर्खेत

## प्रस्ताव आह्वानको सूचना

सूचना मिति :- २०७८।०७।१०

यस निर्देशनालयको चालु आ.व. २०७८।०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार माछाको दाना बनाउने मेशिन सहयोग कार्यक्रम संचालनका लागि भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले तयार पारेको भूमि, कृषि तथा सहकारी सम्वन्धि कार्यक्रम ( संचालन तथा व्यवस्थापन ) कार्यविधि २०७८ मा कायम भए बमोजिम हुने गरी माछाको दाना बनाउने मेशिन सहयोग कार्यक्रम सहकार्यमा सञ्चालन गर्न इच्छुक सहकारी / समुह / समिती / उद्यमी / कम्पनी / निजि व्यवसायी / फर्मले यो सूचना प्रकाशित भएको मितिले १५औं दिन भित्र तपसिलमा उल्लेखित विवरण सहितको आवेदन फाराम यस निर्देशनालयमा कार्यालय समय भित्र सिलवन्दी प्रस्ताव दर्ता गर्नु हुन प्रस्ताव आह्वान गरिन्छ।साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ।

| क.सं. | कार्यक्रमहरु | पटक/संख्या | कुल अनुदान रकम रु. | कार्यक्षेत्र |
|---|---|---|---|---|
| १ | माछाको दाना बनाउने मेशिन सहयोग कार्यक्रम | २ | १० लाख | सुर्खेत जिल्ला भरी मात्र |

प्रस्तावका साथ सम्मिलित हुनुपर्ने कागजातहरु:

१. रु.१० को टिकट सहित अनुसूची -४ अनुसारको आवेदन ।

२. सूचना प्रकाशित हुनु अगावै साविकको जिल्ला पशुसेवा कार्यालय , साविकको जिल्ला कृषि विकास कार्यालय स्थानियतहका पशु सेवा शाखा वा सम्वन्धित निकायमा दर्ता भएको कृषि तथा पशुपन्छी सहकारी/ समुह / समिती / उद्यमी /कम्पनी /निजि व्यवसायी/फर्मको प्रमाण पत्रको प्रतिलिपि ।

३. विगत आर्थिक वर्षको करचुक्ता प्रमाण पत्रको प्रतिलिपी र सहकारीको हकमा लेखा परिक्षणको प्रतिलिपी समेत पेस गर्नु पर्नेछ ।

४. आफुले संचालन गर्ने कार्यक्रमको कार्य योजना तयार गरी स्व-लगानिको प्रतिवद्धता पत्र समेत पेश गर्नु पर्ने छ ।

५. नागरिकता वा परिचय खुल्ने प्रमाण-पत्रको प्रतिलिपी ।

६. सहकारी/ समुह / समितीको निर्णयको प्रतिलिपी ।

७. सम्वन्धित स्थानीय तह वा स्थानीय तह पशुसेवा शाखाको सिफारीस ।

८. विगत ३ आर्थिक वर्षमा कुनै पनि सरकारी निकायबाट सोहि प्रकृतिको कार्यक्रममा रु.१०००००।(एक लाख) भन्दा बढि नगद तथा वस्तुगत अनुदान लिएको सहकारी/ समुह / समिती / उद्यमी /कम्पनी /निजि व्यवसायी/ फर्महरुलाई छनौट प्रकृयामा समावेस गरिने छैन ।

९. छुट भएका विषयहरु भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले तयार पारेको भूमि, कृषि तथा सहकारी सम्वन्धि कार्यक्रम ( संचालन तथा व्यवस्थापन ) कार्यविधि २०७८ मा कायम भए बमोजिम हुनेछ ।थप जानकारीको लागि यस निर्देशनालयको वयभ साइड dold.karnali.gov.np मा हेर्न सकिने छ साथै फोन नं. ०८३-५२०२८८ ,०८३ ५२३५५६ र ०८३५२०९३७ ,९८४४८३३६४० मा सम्पर्क गर्न सकिने छ ।

नि. निर्देशक